# प्रधानमन्त्री रोजगार कार्यक्रमबाट घर खर्च चलाउन र भाईबहिनीको पढाईलेखाइमा सहज ।

देशका पहाडी जिल्लाहरुमध्ये प्यूठान एक पर्दछ । देशमा संघीयता स्थापना भए पश्चात संघीय संरचना अनुसार प्यूठानमा ९ वटा स्थानीय तह स्थापना भएका छन । जसमध्ये नौबहिनी गाउँपालिका एक स्थानीय तहमा पर्दछ । लुम्बिनी प्रदेश प्यूठान जिल्ला नौबहिनी गाउँपालिका जनजातीको बाहुल्यता भएको गाउँपालिका हो । यस गाउँपालिकामा जम्मा ८ वटा वडाहरु छन् । ति वडाहरुमध्ये एक वडा अर्थात वडा नं ८ मा फोप्ली पर्दछ । सबै जातजाती बसोबास गरेर जनजातीको बाहुल्यता भएको उक्त वडाको एक बस्ती गोराथोक हो ।

**नौबहिनी गाउँपालिका वडा नं ८ फोप्ली गोराथोक गाउँ**



यही बस्तीमा स्थायी बसोबास गर्ने २० वर्षे ताजिमा पुन मगर यो बस्तीकी सबैभन्दा गरिब, दुखी पिडित, बेसहारा तथा एकदमै निम्न आयश्रोत भएकी किशोरी महिला हुन । ६ सदस्य परिवार भएको उनको परिवारमा बुवाआमा, दाई, भाई, बहिनी र आफु बस्थे । उनी ११ वर्षकी हुदा आमाको निधन भयो त्यसको केही महिनापछि दाजुको निधन भयो र आमाको निधन भएको १ वर्ष पछि बुवाको निधन भयो । यसरी पटक पटक गरी घरमा आफु भन्दा माथिका अभिभावक सदस्यहरु निधन भएर सकिएर एक्ली बनेकी ११ वर्षे ताजिमासँग २ वर्षकी बहिनी खिमसरी पुन मगर र १ वर्षे भाई प्रेम पुन मगर मात्र थिए । बुवाआमा दाई गुमाउनुको पिडा त आफ्नो ठाउँमा छदै थियो अझ स साना नाबालक भाईबहिनीको जिम्मेबारी पनि आफ्नो काँधमा परेपछि यो भन्दा बढी दुख पिडा के नै सक्छ।

ताजिमा पुन मगर



दाजुलाई उपचार गर्नको लागि बुवाले जग्गा बिक्रि गर्नुभएको रहेछ पछि उपचारको क्रममा दाजुको पनि निधन भएपछि उपचार गर्न लगेको रकमबाट २ लाख रुपैयाँ बचेको रहेछ उक्त रकमले झण्डै ८ वर्षसम्म भाई बहिनी र आफुलाई घर खर्चमा नपुगेपछि थप १४ हजार ऋण लागेको रहेछ । केही महिना गाउँको क्लबले दिएको दाल चामलले पनि घर खर्च चलाउनु परेको अवस्था रहिछ। घरमा आफु भन्दा माथिको कुनै सदस्य नरहेपछि भाई बहिनीलाई पढाउने लेखाउने लगाएत आधारभुत आवश्यकता पुर्ति गर्नुपर्ने बाध्यताले गर्दा आफुले ३ कक्षामा पढ्दा पढ्दै छोड्नुपर्ने बाध्यता भयो ।

**ताजिमा पुन मगरको घर**



यसरी घर खर्च चलाउनुपर्ने भाईबहिनीहरुको जिम्मेवारी सम्हाल्नुपर्नु घरमा आयश्रोत केही पनि नभएको घरको जग्गाले १ महिना पनि खान नपुग्ने भएको पैसा पनि घर खर्च चलाउदा सकिएको अझै ऋण लागेको अवस्थामा गाउँमा बेरोजगार व्यक्ति सूचीकृत हुनको लागि फाराम खुलेको खबर स्थानीय जनप्रतिनिधिहरुबाट खबर पाएपछि आर्थिक वर्ष २०७९।०८० मा सूचीकृत हुनको लागि वडामा गएर फाराम भरीन र सोही आर्थिक वर्षमा काममा छनौट भइन । नौबहिनी गाउँपालिका प्रधानमन्त्री रोजागार कार्यक्रम अन्तरगत आर्थक वर्ष २०७९।०८० मा नेपाल सरकार श्रोतबाट छनौट भएको वडा नं ८ को सोत्रेखोला बतासे लुप्लुङ्ग उपल्लो पौले खिमखोला र जुकेनाका खानेपानी मुहान देखि बस्ती सम्मका बाहिर रहेका पाईप पुर्ने आयोजनामा काम गर्नको लागि ८ महिला र २ पूरुषा गरी जम्मा १० जनाको समुह थियो सोही समुहमा १०० दिन काम गर्ने सूचीमा ताजिमा परिन । दिनको ५९६ ज्याला रहेको ताजिमाको १०० दिनको कमाई रु ५९६००। भयो । १ प्रतिशत नेपाल सरकारलाई कर तिरी रु ५९००४ रुपैयाँ उनले खुद बुझ्नुपर्ने रकम देखिन्छ ।

ताजिमा पुन मगर भन्छिन: प्रधानमन्त्री रोजगार कार्यक्रममा काम गर्न थालेपछि यसमा काम गरेबापत प्राप्त गरेको रकमबाट भाईबहिनीको पढाई लेखाई तथा घर खर्च चलाउन र कहिलेकाँही मिठो मसिनो माछा मासु खान पनि पाएका छौ । त्यसैगरी घर खर्च चलाउदा लागेको १४ हजार ऋण पनि यही कार्यक्रमबाट कमाएको पैसाले तिर्ने योजनामा रहेकी छिन । यसैगरी प्रत्येक वर्ष यसैगरी काम गर्न पाए भने मेरो घर खर्च चलाउन र भाईबहिनीलाई पढाई लेखाई गर्न सहिलो हुनेथियो भन्ने भनाई ताजिमा पुन मगरको छ।

**ताजिमा पुन मगर भाई बहिनी सँग**



यसै वडाका वडा अध्यक्ष श्री मान बहादुर के सी भन्नुहुन्छ यो प्रधानमन्त्री रोजगार कार्यक्रमले गर्दा हाम्रो वडाका केही बेरोजगार व्यक्तिहरुले रोजगार पाउनुभएको छ । धेरैको घरमा घर खर्च चलाउन कठिन थियो बिहान के खाउ बेलुका के खाउ भन्ने स्थिति थियो त्यस्तो परिवारमा दाल भात खानको सहज भएको छ । सबैले रोजगारी पाउन नसकेपनि केही व्यक्तिलाई राजगारी दिन सकेका छौ यसमा हामी वडा परिवार धेरै खुशी छौ । यसकारण यो कार्यक्रमले आगामी वर्षहरुमा अझ धेरै बेरोजगार व्यक्तिहरुलाई रोजगार दिने। सीपमुलक तालिम मार्फत आयआर्जन तिरको बाटो तर्फ लैजाने हो भने यो कार्यक्रम धेरै प्रभावकारी हुने थियो ।

रोजगार संयोजकको भनाइ: प्रधानमन्त्री रोजागार कार्यक्रमले गर्दा ताजिमा जस्ता धेरै दुखी, गरिब, बेरोजगार, महिला, विपन्न घरपरिवारमा चुलो बलेको छ । घर खर्च चलाउन सकेका छन २।४ हजार उदाराको लागि साहुँले पताएका छन कहिलेकाँही मिठो मसिनो खान पाएका छन सामान्य विद्यालय स्तरको पढाई लेखाइ गरी शिक्षा आर्जन गरेका छन । आफ्नै गाउँठाउँमा काम पाएका छन। आफ्नै गाउँठाउँमा आएको पैसा आफ्नै गाउँघरमा खर्च भएको छ । बेरोजगार व्यक्तिहरुले रोजगार पाएका छन । महिलाहरुले पनि आफ्नै मेहनतमा पैसा कमाएर घर खर्च चलाएका छन । वडा वडामा रोजगारी सिर्जना भएको छ । गाउँठाउँको विकास भएको छ । त्यसैले गर्दा यस कार्यक्रमलाई थप प्रभावकारी बनाउने लक्ष्य तर्फ नेपाल सरकारले योजना बनाउने बेरोजगार व्यक्तिहरुलाई सीपमुलक तालिमको व्यवस्था गर्ने किसानहरुलाई आय आर्जन कृषि खेती तर्फ उत्प्रेरित गर्ने कृषि क्रान्ती मार्फत किशानहरु तथा बेरोजगार व्यक्तिहरुलाई आफ्नै गाउँठाउँमा आत्मनिर्भर गराउने जस्ता क्रियाकलाप गर्न सकेमा यो प्रधानमन्त्री रोजगार कार्यक्रम धेरै प्रभावकारी हुने देखिन्छ । कार्यक्रमको उदेश्य

लक्ष्य एकदमै राम्रो छ । यो कार्यक्रम एकदमै जनमुखी पनि छ । यसकारण यो कार्यक्रमलाई व्यवस्थित प्रभावकारी सीपमुलक उत्पादनमुलक रुपमा निरन्तरता दिन आवश्यक देखिन्छ ।